# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, फाल्गुण १३ गते, २०८१ साल (अतिरिक्ताङ्क ४८

## भाग २

### प्रदेश सरकार

### कोशी प्रदेश

### विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## कोशी प्रदेश आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावनाः** प्रादेशिक आवधिक योजनाको लक्ष्य हासिल गर्न, मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट तथा कार्यक्रम सञ्चालन एवम् प्रभावकारी कार्यान्वयनका लागि आयोजनाको छनौट कार्यलाई व्यवस्थित गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १९ बमोजिम प्रदेश योजना आयोगमा रहने आयोजना बैङ्कको सञ्चालन एवम् व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,-

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ नियम २७ को उपनियम (१) बमोजिम कोशी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कोशी प्रदेश आयोजना बैङ्क व्यवस्थापन कार्यविधि,२०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले प्रदेश योजना आयोग, कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले निर्धारित उद्देश्य प्राप्त गर्न निश्चित बजेट र समयसीमा भित्र सम्पन्न गर्ने गरी सञ्चालन गरिने विभिन्न विषयक्षेत्रसँग सम्बन्धित पूर्वाधार संरचना निर्माण वा आयोजनालाई सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम प्रदेश वा स्थानीय तहले सञ्चालन गर्ने कुनै कार्यक्रम वा परियोजनालाई समेत जनाउनेछ।

(ग) "आयोजना बैङ्क" भन्नाले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १९ को उपदफा (२) को प्रयोजनको लागि यस कार्यविधि बमोजिम स्वीकृत वा प्रमाणित आयोजनाको लगत वा सूचीलाई सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय, अन्य निकाय, विभाग वा निर्देशनालय र ती निकाय मातहतका सरकारी कार्यालयलाई सम्झनु पर्छ।

(ङ) "चालु प्रकृतिका कार्यक्रम" भन्नाले सीप विकास, तालिम, गोष्ठी, परामर्श सेवा, औषधि तथा स्वास्थ्य उपकरण खरिद, संस्थालाई अनुदान, छात्रवृत्ति, सामाजिक सुरक्षा लगायतका

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

भौतिक पूर्वाधार निर्माण बाहेकका आयोजना वा कार्यक्रमलाई सम्झनु पर्छ।

(च) "पूर्व तयारी" भन्नाले विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय अध्ययन, सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति लगायत आयोजना कार्यान्वयन गर्नु अघि गरिने अध्ययन तथा तयारीलाई सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(ज) "प्रमाणित" भन्नाले आयोजना बैङ्कमा प्रविष्ट भएका तथा तोकिएको सीमा भन्दा कम अनुमानित लागत भएका आयोजना वा आयोजनाको सूचीलाई आयोगको नियमित बैठकले प्रमाणित गर्ने कार्यलाई सम्झनु पर्छ।

(झ) "बहुवर्षीय आयोजना" भन्नाले एक आर्थिक वर्षभन्दा बढी अवधिमा कार्यान्वयन हुने गरी बहुवर्षीय ठेक्काको स्रोत सहमति लिई सञ्चालन गरिने आयोजना सम्झनु पर्छ।

(ञ) "सालबसाली आयोजना" भन्नाले एक आर्थिक वर्षभित्रमा सम्पन्न गरिने नयाँ आयोजना वा क्रमागत आयोजनालाई सम्झनु पर्छ।

(ट) "सूचना प्रणाली" भन्नाले आयोजना बैङ्क व्यवस्थापनको लागि आयोगले स्थापना तथा सञ्चालन गरेको प्रदेश आयोजना बैङ्क सूचना प्रणालीलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## आयोजना बैङ्कको स्थापना

३. **आयोजना बैङ्क सञ्चालन गरिने:** (१) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १९ को उपदफा (२) बमोजिम प्रदेशमा आयोजना बैङ्क रहने छ।

(२) उपदफा (१) बमोजिमको आयोजना बैङ्कको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय निकायको रुपमा आयोगले कार्य गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) यस दफा बमोजिमको आयोजना बैङ्कमा देहायका आयोजनाहरु समावेश हुनेछनः-

(क) प्रदेश सरकारबाट स्वीकृत वा घोषणा भएको प्रदेश गौरवका आयोजना, प्रदेशको आवधिक योजनामा समेटिएका तथा प्रदेशको नीति तथा कार्यक्रममा समेटिएका रुपान्तरणकारी आयोजना वा परियोजना वा प्रमुख कार्यक्रम,

(ख) प्रदेश राजपत्रमा प्रकाशित प्रदेशस्तरका भौतिक पूर्वाधार निर्माणका नयाँ आयोजना वा मर्मत सम्भार गर्नुपर्ने आयोजना,

(ग) जिल्लास्तरीय वा निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठीबाट छनौट भई प्रदेशस्तरीय आयोजनाको रुपमा पहिचान गरिएको आयोजना,

(घ) सम्बन्धित मन्त्रालय तथा कार्यालयबाट आवश्यकता पहिचान भएका आयोजना,

(ङ) स्थानीय तहबाट ससर्त वा समपूरक वा विशेष अनुदान मार्फत् सञ्चालन गर्नका लागि प्रस्ताव भएको आयोजना,

(च) बहुवर्षीय आयोजना,

(छ) सङ्घीय सरकारबाट प्रदेशमा हस्तान्तरण भई आएका आयोजना,

(ज) चालु प्रकृतिका कार्यक्रम तथा आयोजना,

(झ)यस कार्यविधिको प्रक्रिया पुऱ्याई आयोजना बैङ्कमा समावेश गर्न छनौट भएका अन्य आयोजना।

४. <u>आयोजना बैङ्क सूचना प्रणाली सम्बन्धी व्यवस्थाः</u> (१) आयोजना बैङ्क सञ्चालन गर्न तथा आयोजना बैङ्कको अभिलेख तथा प्रतिवेदनलाई व्यवस्थित गर्न आयोगले विद्युतीय आयोजना बैङ्क सूचना प्रणाली स्थापना तथा सञ्चालन गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपदफा (१) बमोजिमको सूचना प्रणालीमा आयोजना सम्बन्धी विवरण प्रविष्ट गर्न आयोगले कार्यालयलाई प्रयोगकर्ता पहिचान (युजर आइ.डि.) उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिम प्रयोगकर्ता पहिचान (युजर आइ.डि.) प्राप्त भएपछि कार्यालयले यस कार्यविधि बमोजिम आयोजना बैङ्कमा समावेश हुने सबै आयोजना सम्बन्धी विवरण सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(४) आयोजना बैङ्कमा प्रविष्टि वा पेस हुने सबै आयोजना सूचना प्रणाली मार्फत् प्रविष्ट वा पेस हुनेछन्।

तर, सूचना प्रणालीको स्थापना नहुन्जेल वा सूचना प्रणालीमा सबै आयोजनको विवरण व्यवस्थित नहुन्जेलसम्म आयोजना बैङ्कमा अन्य माध्यमबाट आयोजनाको विवरण पेस गर्न वा पेस भएका आयोजना स्वीकृत गर्न वा आयोजनाको सूची तयार गर्न बाधा पर्ने छैन।

(५) प्रदेश सरकारले सञ्चालन गरेको सूचना प्रणालीलाई राष्ट्रिय आयोजना बैङ्क तथा स्थानीय आयोजना बैङ्कसँग समेत आबद्ध गर्न सकिनेछ।

## परिच्छेद-३

## आयोजना बैङ्क सञ्चालन कार्यविधि

५. **आयोजना समावेश गर्ने मापदण्डः** (१) प्रदेश सरकारका कार्यालयबाट सञ्चानलन हुने अनुसूची-१ बमोजिमको अनुमानित लागत भएका आयोजना आवश्यकता र औचित्यता समेतको आधारमा आयोजना बैङ्कमा समावेश हुनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालय वा अन्य निकायले पेस गरेका तोकिए भन्दाकम अनुमानित लागत भएका दफा ३ को उपदफा (३) बमोजिमका आयोजनालाई आयोजना बैङ्कमा समावेश गर्न बाधा पर्ने छैन।

६. **आयोजनाको माग तथा छनौटः** (१) आयोगले आयोजना बैङ्कमा समावेश हुने प्रस्तावित आयोजना माग गर्न कम्तीमा एक महिनाको समयावधि तोकी सार्वजनिक सूचना आह्वान गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपदफा (१) बमोजिमको समयावधिभित्र सम्बन्धित सरोकारवालाले अनुसूची-२ बमोजिमको माग फाराम भरी वा स्थानीय तहले आयोजना माग सम्बन्धी सिफारिस पत्र आयोजना सञ्चालन गर्ने सम्बन्धित कार्यालयमा दर्ता गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम दर्ता हुन आएका आयोजना माग सम्बन्धी कागजातको अभिलेख राखी सम्बन्धित कार्यालयले माग भई आएको आयोजनाको सूची तयार गर्नु पर्नेछ र त्यस्तो विवरण सूचना प्रणालीमा समेत प्रविष्ट गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता भएका र कार्यालयले आवश्यकता पहिचान गरेका आयोजनामध्ये आयोजना बैङ्कमा समावेश गर्न सम्भाव्य तथा कार्यान्वयनयोग्य आयोजनाहरुको छनौट गर्न जिल्लास्तरीय वा निर्वाचन क्षेत्रस्तरीय आयोजना तर्जुमा गोष्ठी सञ्चालन गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको आयोजना तर्जुमा गोष्ठीमा कार्यालयले प्रदेश सभा सदस्य, स्थानीय तहका प्रतिनिधि, जिल्लास्थित कार्यालयका प्रमुख लगायतका सरोकारवालासँग अन्तरक्रिया तथा छलफल गरी सम्पन्न गर्नु पर्नेछ।

७. **<u>आयोजना बैङ्कमा प्रविष्ट गर्ने</u>:** (१) सम्बन्धित कार्यालयले दफा ३ को उपदफा (३) बमोजिमका आयोजनाको विवरण वा दफा ६ बमोजिम छनौट भएका आयोजनाको विवरण आयोजना बैङ्कमा प्रविष्ट गर्नु पर्नेछ।

तर, दफा ६ को उपदफा (४) बमोजिम आयोजना तर्जुमा गोष्ठी हुन नसकि आयोजना छनौट नभएमा वा त्यस्तो आयोजना तर्जुमा गोष्ठी सम्पन्न भए पश्चात् कुनै आयोजना माग भई आएमा सम्बन्धित मन्त्रालय वा अन्य निकायको निर्णय वा सिफारिसमा आयोजना बैङ्कमा आयोजना विवरण प्रविष्ट गर्न बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम आयोजना बैङ्कमा समावेश गरिने आयोजनाका सम्बन्धमा थप अध्ययन तथा विश्लेषण गर्न कार्यालयले आवश्यकता अनुसार डेस्क अध्ययन, लागत अनुमान तयारी वा पूर्व सम्भाव्यता अध्ययन लगायतको कार्य गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) आयोजना सञ्चालन गर्ने कार्यालयले भौतिक पूर्वाधार निर्माण सम्बन्धी आयोजनाको लागि अनुसूची-३ र चालु प्रकृतिका कार्यक्रमको लागि अनुसूची-४ बमोजिमको विवरण भरी आयोजना बैङ्कमा प्रविष्ट गर्नु पर्नेछ।

(४) प्रदेश सरकारको सशर्त वा समपूरक वा विशेष अनुदानमा स्थानीय तहबाट सञ्चालन गरिने आयोजनाको लागि सम्बन्धित मन्त्रालयले आयोजनाको प्रकृति अनुसार अनुसूची-३ वा अनुसूची-४ अनुसारको विवरण वा प्रचलित कार्यविधि अनुसारको फाराम भरी आयोजना बैङ्कमा प्रविष्ट गरी आयोगमा पेस गर्नु पर्नेछ।

(५) उपदफा (३) मा जनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-५ मा तोकिएका शीर्षक अन्तर्गतको आयोजना वा कार्यक्रम आयोजना बैङ्कमा प्रविष्ट गर्नुपर्ने छैन।

(६) उपदफा (३) बमोजिम आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजना वा कार्यक्रमको जाँच र आवश्यकता अनुसार विवरण सम्पादन गरी सम्बन्धित मन्त्रालय वा अन्य निकायले आयोगमा पेस गर्नु पर्नेछ।

(७) बहुवर्षीय आयोजनाको रुपमा आयोजना बैङ्कमा समावेश गर्नका लागि अनुसूची-६ बमोजिमको विवरण संलग्न गरी सम्बन्धित मन्त्रालयले आयोग समक्ष पेस गर्नु पर्नेछ।

(८) आयोगले आयोजनाको अध्ययन तथा विश्लेषणको लागि आवश्यक ठानेमा थप कागजात माग गर्न सक्नेछ। आयोगबाट माग भएको त्यस्तो कागजात उपलब्ध गराउनु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ।

८. <u>आयोजनाको स्वीकृतिः</u> (१) आयोगले दफा (७) बमोजिम सम्बन्धित मन्त्रालय वा अन्य निकायबाट पेस भएका प्रस्तावित आयोजनालाई आयोजना बैङ्कमा स्वीकृत गरी सूची वा लगत तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा (७) बमोजिम आयोजना बैङ्कमा पेस भएका तर अनुसूची-१ मा उल्लेख भए भन्दा कम अनुमानित लागत भएका आयोजनाको हकमा भने आयोगले स्वीकृत नगरी सूची वा लगत प्रमाणित मात्र गर्न सक्नेछ।

तर प्रमाणित गरि सूचीमा सूचीकृत भएका आयोजनालाई आयोगबाट स्वीकृत नभएको कारणले मात्र आगामी वर्षको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्न बाधा पुगेको मानिने छैन।

(३) उपदफा (१) बमोजिम स्वीकृत भएका तथा उपदफा (२) बमोजिम प्रमाणित भएका आयोजनाको सूची वा विवरणलाई आयोगले आन्तरिक प्रयोजनका लागि आयोजना पेस गर्ने कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ र त्यस्तो सूची वा विवरण प्रदेश सभामा वार्षिक बजेट तथा कार्यक्रमका रुपमा पेस भएपश्चात् आयोगले आफ्नो वेबसाइटमा अपलोड गर्न वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक समेत गर्न सक्नेछ।

(४) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावित आयोजनाको अध्ययन तथा विश्लेषण गर्दा प्रदेश सरकारको कार्यक्षेत्रमा नपर्ने वा स्रोत साधन र जनशक्तिका दृष्टिकोणले कार्यान्वयन गर्न नसकिने वा प्रदेश सरकारका निकायबाट कार्यान्वयन गर्न अनुपयुक्त हुने प्रकृतिका आयोजनालाई आयोगले अस्वीकृत गर्न वा प्रमाणित नगर्न सक्नेछ।

(५) आयोगले उपदफा (१) बमोजिमको आयोजना बैङ्कका आयोजनाको लगत वा सूची तयारी, प्रकाशन वा अद्यावधिक गर्दा देहाय अनुसारको वर्गीकरण गर्नुपर्नेछः-

(क) सालबसाली आयोजना,

(ख) बहुवर्षीय आयोजना,

(अ) निर्माणाधीन आयोजना,

(आ) पूर्वतयारी भईसकेका आयोजना,

(इ) पूर्व तयारी गर्न बाँकी आयोजना,

(ग) चालु प्रकृतिका कार्यक्रमहरु।

(६) आयोगले उपदफा (५) बमोजिम वर्गीकरण गर्दा सालबसाली आयोजना तथा चालु प्रकृतिका कार्यक्रमलाई समेत आवश्यकता अनुसार पूर्व तयारी भईसकेका, पूर्व तयारी गर्नुपर्ने वा गर्नुनपर्ने भनी वर्गीकरण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(७) आयोगले आयोजना बैङ्कमा समावेश भएका आयोजनालाई मन्त्रालयगत तथा विषयक्षेत्रगत रुपमा प्राथमिकता निर्धारण गरी दफा ३ को उपदफा (३) बमोजिम छुट्टाछुट्टै लगत वा सूची तयार गर्न सक्नेछ।

(८) आयोजना बैङ्कमा समावेश भएका कुनै आयोजनाको विवरण संशोधन गर्न वा लागत अनुमान लगायतको विवरण अद्यावधिक गर्न कार्यालयबाट कारण र पुष्ट्याई सहित अनुरोध भई आएमा आवश्यकता र औचित्यका आधारमा आयोगले संशोधन वा अद्यावधिक गर्न सक्नेछ।

(९) आयोगले आयोजना बैङ्कमा समावेश भएका आयोजनाको मौजुदा सूचीलाई प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्नेछ र यसरी लगत वा सूची अद्यावधिक गर्दा कुनै आयोजनाको विवरण वा कागजात अद्यावधिक गर्नु परेमा आयोगले सम्बन्धित कार्यालयलाई आवश्यक कागजात पेस गर्न लगाउन सक्नेछ।

(१०) कुनै आयोजना सङ्घ वा स्थानीय तहबाट सञ्चालन हुने भएमा वा सङ्घ वा स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएमा वा आयोजनाको प्रयोजन समाप्त भएमा वा स्रोत, साधन, वातावरणीय वा प्राविधिक दृष्टिले उपयुक्त नदेखिएमा सम्बन्धित मन्त्रालय वा अन्य निकायको सिफारिसमा आयोगले आयोजना बैङ्कको लगतबाट हटाउन सक्नेछ।

९. **आयोजनालाई बजेटमा समावेश गर्नेः** (१) दफा (८) बमोजिम आयोगबाट आयोजना बैङ्कमा स्वीकृत वा प्रमाणित भएका आयोजनालाई मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रममा समावेश गर्न सकिनेछ।

तर आयोगबाट आयोजना बैङ्कमा स्वीकृत वा प्रमाणित नभएका आयोजनालाई मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम (पि.एल.एम.बि.आई.एस.) मा समावेश गरिने छैन।

(२) कार्यालयले बजेट सीमा, स्रोत साधन र जनशक्तिको क्षमता, प्राथमिकता, सम्भाव्यताका आधारमा र निर्माणाधीन आयोजनाको प्रतिबद्ध दायित्व समेतलाई विश्लेषण गरेर मात्र मध्यमकालीन खर्च

संरचना र बजेट तथा कार्यक्रममा समावेश गर्न आयोजना छनौट गर्नु पर्नेछ।

(३) आयोगबाट स्वीकृत वा प्रमाणित भएका आयोजनामध्ये पूर्वतयारी भईसकेका एवम् बहुवर्षीय आयोजना, सालबसाली आयोजना र चालु प्रकृतिका कार्यक्रमलाई कार्यालयले आफ्नो बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रममा प्रस्ताव गर्न सक्नेछ।

(४) कार्यालयले आयोजना बैङ्कमा समावेश भएका तर पूर्व तयारी गर्न बाँकी रहेका आयोजनालाई आगामी आर्थिक वर्षका लागि पूर्व तयारी गर्न आवश्यक बजेट प्रस्ताव गर्न वा विनियोजित बजेटबाट तयारी कार्य अघि बढाउन सक्नेछ।

(५) कार्यालयले उपदफा (४) बमोजिम आयोजनाको पूर्व तयारी गरी सकेपछि अनुसूची-६ बमोजिमको विवरण भरी आयोगमा पेस गर्नु पर्नेछ र त्यस्तो आयोजना आयोगबाट प्रचलित कार्यविधि बमोजिम मूल्याङ्कन तथा प्राथमिकीकरण भईसकेपछि कार्यालयले आगामी आर्थिक वर्षको बजेटमा प्रस्ताव गर्न वा विनियोजित बजेटको अधीनमा रही कार्यान्वयन प्रक्रिया अगाडि बढाउन सक्नेछ।

(६) आयोजना बैङ्कमा समावेश भएका र बहुवर्षीय आयोजना वा पूर्व तयारी गर्नु पर्ने भनी आयोगबाट स्वीकृत भएका बाहेक अन्य आयोजनाको विस्तृत परियोजना प्रतिवेदन लगायत पूर्व तयारीको कार्य गर्न पाइने छैन।

(७) सङ्घ सशर्त, समपूरक तथा विशेष अनुदानको लागि आयोजना प्रस्ताव गर्दा आयोजना बैङ्कमा समावेश भएका आयोजना मध्येबाट आयोजना छनौट तथा प्रस्ताव गर्नुपर्नेछ।

## परिच्छेद-४

## विविध

१०. **आयोजना बैङ्क सञ्चालन सम्बन्धी अन्य व्यवस्थाः** (१) आयोजना बैङ्कमा समावेश भएका आयोजना निजी क्षेत्रबाट वा सार्वजनिक, निजी तथा सहकारी साझेदारीमा वा नेपाल सरकारको स्वीकृतिमा वैदेशिक सहायता समेतबाट सञ्चालन गर्न सकिनेछ।

(२) आयोजना बैङ्कमा समावेश भएको कुनै आयोजना सङ्घ वा स्थानीय तहको अधिकारसूची तथा कार्यक्षेत्रमा पर्ने भएमा वा संघीय निकाय तथा स्थानीय तहबाट सञ्चालन गर्न माग भएमा आयोगको सहमतिमा कार्यालयले सम्बन्धित तहमा पठाउन वा हस्तान्तरण गर्न सक्नेछ।

(३) यस कार्यविधि बमोजिम आयोजना बैङ्क सञ्चालनको कार्यतालिका र समयावधि अनुसूची-७ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) आयोजनाको माग दर्ता तथा पहिचान देखि आयोजना बैङ्क सञ्चालन, मध्यमकालीन खर्च संरचना र बजेट तर्जुमाबिच अनुसूची-८ बमोजिमको चरण वा चक्रलाई संस्थागत गर्दै लैजानु आयोग, सम्बन्धित मन्त्रालय, अन्य निकाय तथा आयोजना सञ्चालन गर्ने कार्यालयको कर्तव्य हुनेछ।

११. <u>आयोजना सम्बन्धी विशेष व्यवस्थाः</u> (१) आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्ताव गरेको बहुवर्षीय आयोजनाको हकमा अनुसूची-६ तथा प्रचलित कार्यविधि बमोजिम कागजातहरु अपुग भएको र आयोजना शुरु गर्न अत्यावश्यक भएको ठानेमा सम्बन्धित मन्त्रालयले निर्णय गरी आयोग समक्ष पेस गर्न सक्नेछ।

(२) आयोगले आयोजना वा कार्यक्रमलाई आयोजना बैङ्कमा समावेश गर्न उपयुक्त लागेमा उपदफा (१) बमोजिम पेस भएका बहुवर्षीय आयोजनालाई स्वीकृत गर्न सक्नेछ।

(३) यस कार्यविधि लागु हुनु अघि आयोगले सञ्चालन गरेको विद्युतीय आयोजना बैङ्क सूचना प्रणालीमा विवरण प्रविष्ट भएका आयोजनालाई आगामी आउने अन्य आर्थिक वर्षमा समेत उक्त आर्थिक वर्षको लागि तोकिएको बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रममा प्रस्ताव गर्न बाधा पर्नेछैन।

१२. <u>बाधा अड्काउ फुकाउः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै जटिलता वा बाधा उत्पन्न भएको देखिएमा आयोगको सिफारिसमा प्रदेश सरकारले बाधा अड्काउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१३. **अनुसूचीमा हेरफेर तथा संशोधन:** आयोगले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा संशोधन गर्न सक्नेछ र त्यस्तो हेरफेर वा संशोधनको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

१४. **खारेजी र बचाउ:** (१) "प्रदेश आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८०" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

(३) आयोजना बैङ्क व्यवस्थापन सम्बन्धमा कोशी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१ जेष्ठ २५ गतेको निर्णय खारेज गरिएको छ। खारेज भएको उक्त निर्णय बमोजिम भएको कार्य यसै कार्यविधि बमोजिम भए, गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-१

(दफा ५ को उपदफा (१) र दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

## प्रदेशले सञ्चालन गर्ने पूर्वाधार विकास आयोजनाहरु

| सि. नं. | क्षेत्र/उपक्षेत्र | आयोजनाको न्यूनतम लागत |
|---|---|---|
| १ | सडक तथा पूल | रु. २ करोड |
| २ | झोलुङ्गेपुल | रु. ५० लाख |
| ३ | सिंचाई | रु. ५० लाख |
| ४ | शिक्षा तथा स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार | रु. ५० लाख |
| ५ | खेलकूद सम्बन्धी भौतिक पूर्वाधार | रु. ५० लाख |
| ६ | खानेपानी आयोजना | रु. ५० लाख |
| ७ | पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार | रु. १ करोड |
| ८ | धार्मिक तथा साँस्कृतिक क्षेत्रका पूवाधार | रु. ५० लाख |
| ९ | कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी पूर्वाधार | रु. ५० लाख |
| १० | शहरी क्षेत्रको ढल तथा नाली निर्माण | रु. ५० लाख |
| ११ | प्रदेशको एकल अधिकार क्षेत्रभित्रका जुनसुकै पूर्वाधार | रु. ५० लाख |
| १२ | माथि उल्लेख भए बाहेकका अन्य पूर्वाधार | रु. ५० लाख |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**प्रदेशस्तरीय आयोजना माग फाराम**

मितिः-

श्री..........................................कार्यालय/निर्देशनालय/मन्त्रालय,

................................

**विषयः- प्रदेशस्तरीय आयोजना माग गरिएको बारेमा।**

१. प्रस्तावित आयोजनाको नामः-

२. आयोजना स्थल/ठेगानाः-

३. आवश्यक बजेट/अनुमानित लागतः-

४. आयोजनाको परिमाणात्मक लक्ष्य-

(क) खानेपानीको हकमा लाभान्वित घरधुरी/जनसंख्याः-

(ख) सिंचाईको हकमा प्रभावित क्षेत्रफलः-

(ग) सडक तथा अन्यमा लम्बाई (कि.मि.)-

(घ) माथिको भन्दा फरक भए इकाई र परिमाण खुलाउनेः-

५. आयोजनाको प्रकृतिः- (नयाँ/क्रमागत/मर्मतसम्भार वा अन्य केही भए खुलाउने)

६. सम्भाव्यता अध्ययन/ विस्तृत अध्ययन/ वातावरणीय अध्ययन भए/नभएकोः-

७. आयोजनालाई आवश्यक पर्ने जग्गा उपलब्ध भए/नभएकोः-

आयोजना वन क्षेत्रमा पर्ने/नपर्नेः-

८. निर्माण गर्नुपर्ने मुख्य संरचनाहरुको विवरणः-

(क)

(ख)

९. विविध विषय/अन्य केही भएः-

छाप/दस्तखतः-

माग गर्ने स्थानीय तह/संस्था/व्यक्तिको नाम, ठेगानाः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-३

(दफा ७ को उपदफा (३) र (४) सँग सम्बन्धित)

**पूर्वाधार निर्माण सम्बन्धी आयोजना प्रस्ताव फाराम**

१. आयोजनाको नाम :

२. आयोजना सञ्चालन गरिने स्थान :

(क) जिल्ला:

(ख) नगरपालिका/गाउँपालिका :

(ग) प्रदेश निर्वाचन क्षेत्र:

३. आयोजनाको अनुमानित लागत (रु. हजारमा):

४. आयोजनामा निर्माण गरिने संरचनाको परिमाणः-
(जस्तैः आयोजनाको प्रकृति अनुसार मिटर/घनमिटर/कि.मि. लगायतको इकाईमा परिमाण खुलाउने।)

५. आयोजनाबाट लाभान्वित हुने-
(जस्तैः खानेपानीको हकमा लाभान्वित घरधुरी -जनसंख्या/
सिंचाईको हकमा प्रभावित क्षेत्रफलः-
अन्य आयोजना/कार्यक्रमको हकमा लाभग्राही संख्याः
वा अन्य कुनै इकाईमा मापन हुने आयोजना भएमा खुलाउने।)

६. आयोजना सम्बन्धी थप विवरण

(क) आयोजनाको अवस्थाः- (नयाँ/निर्माणाधीन/मर्मतसम्भार लगायतको प्रकृति वा अवस्था खुलाउने)

(ख) सम्पन्न गर्न लाग्ने अनुमानित समयः-

(ग) आयोजनाको किसिम वा प्रकारः-..........

(घ) जग्गा प्राप्ति गर्नुपर्ने भए, (क) जग्गा प्राप्ति भएको..... (ख) जग्गा प्राप्ति नभएको......

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(दफा ३ को उपदफा (३) बमोजिमको कुनै एउटा प्रकार खुलाउने। जस्तैः आयोजना तर्जुमा गोष्ठीबाट छनौट भएको, सङ्घबाट हस्तान्तरण भएको, मन्त्रालयले पहिचान गरेको आदि।)

७. भौतिक प्रगति (नयाँ आयोजना भएमा उल्लेख गर्नु नपर्ने)

(क) हालसम्म भएको भौतिक प्रगति प्रतिशतमा उल्लेख गर्ने ...............प्रतिशत (%)

(ख) भौतिक प्रगतिको विवरण..............

(जस्तैः ...किमी ग्राभेल भएको, पानी ट्याङ्कीको जग तयार भएको, सिंचाईको कुलो खनिएको, भवनको पहिलो तला निर्माण भएको आदि)

८. वित्तीय प्रगतिः (नयाँ आयोजना भएमा उल्लेख गर्नु नपर्ने)

(क) निर्माणाधीन/बहुवर्षीय ठेक्का भए सम्झौता रकम.......

(ख) हालसम्म भएको खर्च........

(ग) आयोजना सम्पन्न गर्न आवश्यक थप रकम...........

९. संलग्न कागजातहरु

(आयोजनासम्बद्ध कुनै कागजात भए समावेश गर्न सकिने। जस्तैः- आयोजना माग फाराम, स्थानीय तहको सिफारिस, प्राविधिक स्टिमेट, अध्ययन प्रतिवेदन, प्रस्तावना, प्रगति विवरण आदि।)

(**पुनश्चः** आयोजना बैङ्क सूचना प्रणालीमा माथिको विवरण प्रविष्ट गरेपछि यस अनुसूची-१ बमोजिमको आयोजना प्रस्ताव फाराम भरेको मानिनेछ। प्रणालीमा प्रविष्ट गरेपछि छुट्टै हार्डकपी फाराम भर्नु पर्दैन।)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-४

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**चालु प्रकृतिका कार्यक्रम प्रस्ताव फाराम (अवधारणा-पत्र)**

१. कार्यक्रमको नामः

२. उद्देश्यः

३. कार्यान्वयन अवधिः

४. क्रमागत भए हालसम्मको प्रगतिः

५. कार्यान्वयन विधि वा प्रक्रियाः

६. अनुमानित सहभागी वा लाभान्वित समुदायः

७. कुल लागत अनुमानः

खर्च अनुमानको क्रियाकलापगत विवरण

| सि.नं. | विवरण | इकाइ | परिमाण | प्रतिइकाइ दर | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| कुल जम्मा | | | | | | |

(नोटः माथिको तालिका अनुसारको लागत अनुमान बनाई संलग्न गर्न सकिनेछ।)

८. खरिद योजना वा कार्यतालिका (संलग्न गर्ने)

९. अन्य प्रासाङ्गिक विषयकागजातः/सिफारिस/

**पुनश्चः**

१. माथिको विवरण आयोजना बैङ्क सूचना प्रणालीमा प्रविष्टि भएमा छुट्टै फाराम भर्नु पर्ने छैन। विवरण प्रणालीमा प्रविष्ट गरी कार्यक्रमसँग सम्बन्धित कागजात संलग्न गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

२. एकभन्दा बढी कार्यालयबाट एउटै कार्यक्रम सञ्चालन हुने भएमा र एकै प्रकृतिका क्रियाकलापहरुलाई एकीकृत गरी (एउटा प्याकेजको रुपमा) कार्यक्रम तर्जुमा वा अवधारणापत्र तयार गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून कन्त्रालय, कोशी प्रदेश

अनुसूची-५

(दफा ७ को उपदफा (५) सँग सम्बन्धित)

**आयोजना बैङ्कमा समावेश नहुने शीर्षक तथा कार्यक्रमहरु**

देहायका शीर्षक, कार्यक्रम वा क्रियाकलापलाई आयोजना बैङ्कमा समावेश वा स्वीकृत नभएपनि बजेट तथा कार्यक्रम (PLMBIS) मा प्रस्ताव वा समावेश गर्न सकिनेछः-

| खर्च शीर्षक | शीर्षक (सो अन्तरगतको क्रियाकलाप) | खर्च शीर्षक | शीर्षक (सो अन्तरगतको क्रियाकलाप) |
|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च |
| २१११२ | पारिश्रमिक पदाधिकारी | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च |
| २११२१ | पोशाक | २२४१३ | करार सेवा शुल्क |
| २११२२ | खाद्यान्न | २२४१९ | अन्य सेवा शुल्क |
| २११२३ | औषधी उपचार खर्च | २२६११ | अनुगमन, मूल्यांकन खर्च |
| २११३१ | स्थानीय भत्ता | २२६१२ | भ्रमण खर्च |
| २११३२ | महंगी भत्ता | २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च |
| २११३३ | फिल्ड भत्ता | २२६१९ | अन्य भ्रमण खर्च |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २२७११ | विविध खर्च |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २३१११ | स्थिर सम्पत्तिमा ह्रास कट्टी |
| २११३९ | अन्य भत्ता | २६३३१ | वित्तीय समानीकरण अनुदान |

| | | | |
|---|---|---|---|
| २११४१ | पदाधिकारी बैठक भत्ता | २६४११ | सरकारी निकायलाई निःशर्त चालु अनुदान |
| २११४<br>२ | पदाधिकारी अन्य सुबिधा | २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च |
| २११४<br>९ | पदाधिकारी अन्य भत्ता | २७३११ | निवृत्ति भरण तथा अशक्त वृत्ति |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २७३१२ | उपदान |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | २७३१३ | सेवा निवृत्तको संचित विदा |
| २१२२३ | पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च | २७३१५ | मृत कर्मचारीको सुविधा तथा सहायता |
| २२१११ | पानी तथा बिजुली | २८१४१ | जग्गाको भाडा |
| २२११२ | संचार महसुल | २८१४२ | घर भाडा |
| २२२११ | इन्धन (पदाधिकारी) | २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २८१४९ | अन्य भाडा |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २८२११ | राजस्व फिर्ता |
| २२२१<br>४ | बिमा तथा नवीकरण खर्च | २८२१२ | न्यायिक फिर्ता |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २८२१९ | अन्य फिर्ता |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २८९११ | भैपरी आउने चालु खर्च |

| | | | |
|---|---|---|---|
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ३११२१ | सवारी साधन |
| २२३१२ | पशुपंक्षीहरूको आहार | ३११२२ | मेशिनरी तथा औजार |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ३११२३ | फर्निचर तथा फिक्चर्स |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | ३३१९५ | ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३१५११ | भैपरी आउने पूँजीगत खर्च |

<u>पुनश्चः</u>

१. कुनै कार्यविधि बनाई वा विशेष कार्यक्रमको रुपमा दिइने भत्ता, प्रोत्साहन तथा पुरस्कार, नियमित खर्च वाहेकको विविध खर्च, आकस्मिक अवस्थाको वाहेक कार्यक्रम तर्जुमा गरी दिइने राहत तथा पुनर्स्थापना खर्च, सफ्टवेयर निर्माण लगायतको क्रियाकलाप वा कार्यक्रमलाई आयोजना बैङ्कमा समावेश गर्न सकिनेछ।

२. नेपाल सरकारको बजेटमा समावेश भई प्रदेशमा सशर्त अनुदानमा हस्तान्तरण भएका वा वैदेशिक अनुदानको रुपमा प्राप्त आयोजना तथा कार्यक्रमलाई आयोजना बैङ्कमा स्वतः समावेश भएको मानिनेछ। आयोजना बैङ्कमा समावेश नभएपनि सङ्घ सशर्त अनुदान तथा वैदेशिक अनुदानको आयोजना वा कार्यक्रमहरु तथा प्रदेश सरकारको स्रोतबाट दिइने अनुदान, वस्तुगत सहायता समेतका कार्यक्रमलाई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्न बाधा पर्ने छैन।

अनुसूची-६

(दफा ७ को उपदफा (७), दफा ९ को उपदफा (५) र दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

**आयोजना विश्लेषणको ढाँचा**

**१. आयोजनाको पूर्व तयारी**

(क) आयोजनाको विस्तृत परियोजना अध्ययन प्रतिवेदनमा उल्लेख भएका विषयहरु उल्लेख गर्ने

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) प्रतिवेदन तयार/स्वीकृत भएको विवरण प्रविष्टी गर्ने/ आवश्यक नभएमा सोसँग सम्वन्धित कानूनी व्यवस्था उल्लेख गर्ने

(ग) जग्गा प्राप्तिको अवस्था उल्लेख गर्ने (**✓चिह्न लगाउनुहोस्** )

(क) जग्गा प्राप्त भएको छ .......... जग्गा प्राप्त भएको छैन ..........

(ख) वनक्षेत्रमा पर्ने....... वन क्षेत्रमा नपर्ने.......

(ग) वन क्षेत्रमा पर्ने भए रुख काट्ने कार्यप्रक्रिया अघि बढाइएको छ.... छैन...

(घ) आयोजनास्थलमा कुनै संरचना हटाउनु पर्ने छ..... छैन...

**२. आयोजनाको वित्तीय व्यवस्था (✓चिह्न लगाउनुहोस् )**

(क) MTEF मा परेको विवरण उल्लेख गर्ने

(ख) स्रोत सुनिश्चितताको विवरण उल्लेख गर्ने

(अ) स्रोत सुनिश्चित छ............. स्रोत सुनिश्चित छैन .............

(आ) स्रोत सुनिश्चित भएको अवस्थामा निर्णय मिति.............

(ग) आयोजनाको वित्तिय संरचना उल्लेख गर्ने

**३. आयोजना मूल्याङ्कन एवम् विश्लेषण**

(आयोजनासँग सम्वन्धित आवश्यक विश्लेषणहरु संलग्ने गर्ने)

(क) आयोजनाको आवश्यकता र औचित्यताको विश्लेषण,

(ख) आयोजनाको लागत-लाभ विश्लेषण,

(ग) आयोजनाको प्राविधिक विश्लेषण,

(घ) आयोजनाको वातावरणीय विश्लेषण,

(ङ) आयोजनाको कानुनी पक्षको विश्लेषण,

(च) आयोजनाको समानुपातिक विश्लेषण।

४. **आयोजनाको कार्यान्वयन ढाँचा** (कागजात संलग्न गर्ने)

(क) अनुगमन मूल्याङ्कन कार्ययोजना उल्लेख गर्ने

(ख) कार्यान्वयन कार्ययोजना/खरिद गुरुयोजना उल्लेख गर्ने

(ग) आयोजनाको नतिजा खाका उल्लेख गर्ने

आन्तरिक मामिला तथा कानून कन्यालय, कोशी प्रदेश

अनुसूची-७

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

**प्रदेशस्तरीय आयोजना छनौट तथा आयोजना बैङ्क सम्बन्धी तालिका**

| क्र.सं. | कार्य विवरण | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १. | सम्बन्धित कार्यालयमा आयोजना माग दर्ता गर्न सूचना आह्वान गर्ने | पौष मसान्तभित्र (पहिलो पटक माघ १५ गतेभित्र) | प्रदेश योजना आयोग र सम्बन्धित मन्त्रालय/कार्यालयहरु |
| | आयोजना माग दर्ता | माघ मसान्तभित्र (पहिलो पटक फागुन पहिलो साता भित्र) | स्थानीय तह, सरोकारवाला र सम्बन्धित कार्यालय |
| | आयोजना बैङ्कको विवरण/सूची अद्यावधिक गर्ने | माघ मसान्तभित्र (पहिलो पटक फागुन पहिलो साता भित्र) | आयोग र सम्बन्धित मन्त्रालय |
| | आवश्यकताको पहिचान, आयोजना/कार्यक्रम निर्माण/परिकल्पना (आवधिक योजना, नीति तथा कार्यक्रम र आवश्यकताका आधारमा) | निरन्तर/ आयोजना तर्जुमा गोष्ठी सञ्चालन अघिसम्म | सम्बन्धित कार्यालय/मन्त्रालय |
| २. | आयोजना तर्जुमा गोष्ठीमा छलफल, छनौट | फागुन मसान्तभित्र | आयोग, कार्यालय/मन्त्रालय र सरोकारवालाहरु |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| ३. | डेस्क स्टडी/पूर्व-सम्भाव्यता अध्ययन, अवधारणा-पत्र/लागत अनुमान तयारी | निरन्तर/ चैत्र १५ सम्म | सम्बन्धित कार्यालय/निकाय |
| ४. | मन्त्रालयमा पेस/आयोजना बैङ्कमा प्रविष्टि | चैत्र १५ सम्म | सम्बन्धित कार्यालय/अन्य निकाय |
| ५. | मन्त्रालय/अन्य निकायबाट आयोजना बैङ्कमा समावेश गर्न योजना आयोगमा पेस गर्ने | चैत्र मसान्तभित्र | सम्बन्धित मन्त्रालय/ अन्य निकाय |
| | स्थानीय तहको समपूरक र विशेष अनुदानका आयोजनालाई आयोजना बैङ्कमा प्रविष्टि | बैशाख १५ भित्र | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ६. | सम्भाव्यता अध्ययन/DPR, IEE/EIA गर्ने | निरन्तर | सम्बन्धित मन्त्रालय/कार्यालय |
| | आयोजना बैङ्कमा सम्भाव्यता/वातावरणीय अध्ययन प्रतिवेदनको विवरण प्रविष्टि/विश्लेषण | निरन्तर | सम्बन्धित मन्त्रालय/ प्रदेश योजना आयोग |
| | आयोजनाको तयारी अवस्था मूल्याङ्कन, प्राथमिकता तथा श्रेणी निर्धारण | निरन्तर/ बैशाख मसान्तभित्र | प्रदेश योजना आयोग |
| ७. | प्रस्तावित आयोजना स्वीकृत गरी आयोजना बैङ्कको विवरण अन्तिम रुप दिने | बैशाख मसान्तभित्र | प्रदेश योजना आयोग |
| ८. | सङ्घ सशर्त, समपूरक र विशेष अनुदानका आयोजना प्रस्ताव पेस | सङ्घबाट माग भएको समयमा | सम्बन्धित मन्त्रालय र आयोग |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश


| | | | |
|---|---|---|---|
| | आयोजना बैङ्कमा सूचीकृत आयोजनाहरु बजेटमा प्रस्ताव (PLMBIS प्रविष्ट गर्ने) | बजेट तर्जुमाको समयमा | सम्बन्धित मन्त्रालय/ कार्यालयहरु |
| ९. | मध्यमकालीन खर्च संरचनामा समावेश | बजेट तर्जुमाको चरणमा | सम्बन्धित मन्त्रालय र आयोग, |
| १०. | आयोजनामा बजेट विनियोजन र वार्षिक विकास कार्यक्रम (PLMBIS) अन्तिम रुप दिने | बजेट तर्जुमाको समयमा | सम्बन्धित मन्त्रालय/ कार्यालयहरु, आ.मा. तथा यो.म. |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

# अनुसूची -८

(दफा १० को उपदफा (४) सँग सम्बन्धित)

## प्रदेशस्तरीय आयोजना बैङ्क सञ्चालन चक्र वा चरण




माथिको चार्टमा १,२,३,४ र ५ को परिभाषा तथा व्याख्या देहाय अनुसार उल्लेख गर्न सकिन्छः-

(१) सालबसाली आयोजना, चालु प्रकृतिका कार्यक्रमहरु, सम्भाव्यता अध्ययन गर्न नपर्ने आयोजनाहरु, पूर्व तयारी (सम्भाव्यता अध्ययन/DPR) गर्न बजेट विनियोजन गर्नु पर्ने आयोजनाहरु।

(२) पूर्व सम्भाव्यता अध्ययन भएका वा सम्भाव्यता अध्ययन/DPR गरेर कार्यान्वयन गर्न सकिने, ठूला तथा बहुवर्षीय प्रकृतिका आयोजना/कार्यक्रमहरु, प्रदेश गौरवका वा दीर्घकालीन महत्वका आयोजनाहरु।

(३) सम्भाव्यता अध्ययन/DPR, IEE/EIA, जग्गा प्राप्ति लगायत पूर्व तयारी भई सकेका आयोजना/कार्यक्रमहरु।

(४) मध्यमकालीन खर्च संरचना (MTEF) मा समावेश भएका सम्भाव्यता अध्ययन/DPR, IEE/EIA लगायत पूर्व तयारी गर्नुपर्ने आयोजना/कार्यक्रमहरु।

(५) पूर्व तयारी (सम्भाव्यता अध्ययन/DPR) गर्न बजेट विनियोजन भएका वा बहुवर्षीय ठेक्का लगाउने आयोजनाहरु।

<u>**पुनश्चः**</u> आयोजना तर्जुमा गोष्ठी हुन नसकेमा र तत्काल प्राविधिक अध्ययन गर्न सम्भव नभएमा आवश्यकता, स्रोत र जनशक्तिको अवस्था हेरी तालुक मन्त्रालयको निर्णय वा सिफारिसबाट आयोजना बैङ्कमा समावेशाका लागि पेश गर्न सकिने।

आन्तरिक

स्वीकृत मिति : २०८१/११/१३

आज्ञाले,
बद्री कुमार कार्की
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**